प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३
०७१-५५००६३

01C

पत्र संख्या : ०७५/७६
चलानी नं. : १

मिति: २०७५/०४/०१

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवल, नेपाल

विषय : आर्थिक वर्ष २०७५/७६ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश संचित कोषबाट तहाँ मन्त्रालय/ सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि प्रदेश नं. ५ प्रदेश सभावाट प्रदेश विनियोजन ऐन, २०७५ स्वीकृत भएको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐनको अनुसूचि र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार तहाँको लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने नै छ ।

आगामी आर्थिक वर्षको शुरुमै बजेट कार्यान्वयनमा लैजाने र लक्ष्य अनुरुप भौतिक तथा वित्तीय प्रगति हासिल गर्ने सोच अनुरुप असार १ मै प्रदेश सभामा बजेट प्रस्तुत भएको हुँदा सहकारीज्यू मातहतका निकायमा नया आ.व. २०७५/७६ प्रारम्भ भएको पहिलो महिनामा नै बजेट कार्यान्वयनका प्रारम्भिक चरणहरुको कार्य (वातारणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्तिको सूचना प्रकाशन, कार्यान्वयन संरचना स्थापना, जनशक्ति व्यवस्थापन, बोलपत्र कागजातको तयारी, ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा/संशोधन/परिमार्जन आदि) लगायतका कार्य सम्पन्न हुनेछन् भन्ने कुरामा म विश्वस्त छु ।

तपसील बमोजिम मार्गदर्शनका आधारमा बजेट कार्यान्वयन गर्नु हुन अनुरोध गर्दछु ।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड**

१. प्रदेश सञ्चित कोष व्यवस्थापन प्रणाली - सूत्र (Sub-National Treasury Regulatory Application- SUTRA) मा प्रविष्ट भएको तथा वार्षिक कार्यक्रम पुस्तिकामा समावेश भएका कार्यक्रमलाई नै स्वीकृत भएको मानी कार्यान्वयन गर्नु हुनेछ । सूत्रमा प्रविष्ट चौमासिक विभाजन सहितको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्ने व्यवस्था मिलाउने छ ।

२. सूत्रमा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी ०७५ श्रावण १५ गते भित्र यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु हुनेछ ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

३. मन्त्रालय/सचिवालयमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन ।

४. नेपाल सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/कार्यक्रम/कार्यालयको बजेट तहाँ अन्तर्गत समावेश गरिएको हुँदा मातहत सम्बन्धित निकायहरुलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ । यस्ता आयोजना/कार्यक्रमहरु आयोजनागत /क्षेत्रगत उद्देश्यहरु प्राप्त गर्ने गरी तलब भत्ता र वैदेशिक सहायताबाट संचालन गर्ने आयोजना कार्यक्रम बाहेक अन्य आयोजना वा कार्यक्रम पुनः प्राथमिकीकरण गरी यस मन्त्रालय र प्रदेश योजना आयोगको सहमति लिई कार्यान्वयन गर्नु हुनेछ ।

५. बजेट तथा कार्यक्रममा समावेश भएको भएतापनि बैदेशिक भ्रमण गर्नु पुर्व यस मन्त्रालयको सहमति लिनु हुनेछ ।

६. प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/ रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्ने र विकास कार्यक्रम तर्फपनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गराउनुहुनेछ।

७. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप बजेट निकासा गरिने छैन ।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

८. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समयसीमा सहितको कार्ययोजना ०७५ श्रावण १५ गते भित्र स्वीकृत गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ । यस मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गर्नेछ ।

९. विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१०. तहाँ अन्तर्गत स्थापना/हस्तान्तरण हुने सचिवालय, विभाग, कार्यालय आदिका लागि भैपरी आउनेमा विनियोजन गरिएको रकम संरचना एकीन भएपछि खर्च शिर्षकगत रुपमा बाँडफाँड गरी यस मन्त्रालयको स्वीकृति लिएर मात्र कार्यान्वयन गर्नुहुनेछ । रकम बाँडफाँड गर्दा तलब, भत्ता, भाडा, पानी बिजुली, संचार महसुल जस्ता अनिवार्य दायित्वमा यथेष्ट बाँडफाँड गर्नु हुनेछ ।

११. खर्च शिर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पूँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराई मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

१२. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा संचालन हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि संचालन गर्दा अन्य मन्त्रालयहरु सँग समन्वय गरी एकीकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१३. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्य गर्नु हुनेछ । आयोजनाहरुको संभाव्यता अध्ययन, ड्रइङ्ग डिजाइन, लागत अनुमान, बोलपत्र कागजात तयार गर्ने, ठेक्का बन्दोबस्त गर्ने लगायतका कार्य तत्काल शुरु गरी समयमै कार्य सम्पादन गर्ने व्यवस्था मिलउनु हुनेछ ।

१४. निर्माण व्यवसायीहरु सँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरु खरिद सम्झौता अनुसार काम भए नभएको सुक्ष्म अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानुन बमोजिम कारवाही गर्नु हुनेछ ।

१५. विनियोजित बजेट भन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी खरिद कार्य गर्नु पर्ने भएमा खरिद कार्य शुरु गर्नु पूर्व यस मन्त्रालयको सहमति लिई मात्र अघि बढाउनु हुनेछ ।

१६. नेपाल सरकारबाट हस्तान्तरण गरेको योजना वा कार्यक्रम कार्यान्वयन गर्न तत्काल संरचना र जनशक्ति नभएमा नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्न सकिने प्रावधान रहेको हुँदा यसरी कार्यान्वयन गर्नुपर्ने भए यस मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१७. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालय सँग समन्वय गर्नु हुनेछ ।

## (ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

१८. पुँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन ।

१९. पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, साथै पानी तथा बिजुली, संचार महसुलमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ । यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

२०. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ ।

२१. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

सचिव

२२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान संचालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

**(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२३. तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्ने ब्यवस्था मिलाउनु हुनेछ।

२४. तलब, भत्ता, पारिश्रमिक, विजुली, टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु. ५० हजार भन्दा माथिको खर्च भुक्तानी गर्नुअघि Website मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

२६. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (पान) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई रु. ५०००।- भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा पान नं. उल्लेख गरी भुक्तानी गर्ने र यस्तो पान नं. को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नको लागि लिइने पेश्कीहरुको भुक्तानीमा भने स्थायी लेखा नं. (पान) आवश्यक पर्ने छैन ।

२७. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२८. औषधि उपचार, उपदान, संचित विदाको रकम भुक्तानी गर्दा जतिसुकै रकम भएपनि AC/Payee चेकमार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२९. प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाको कडाईका साथ पालना गर्नु हुनेछ ।

३०. रु. ५ करोड भन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको माननीय मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको उपस्थितिमा मासिक रुपमा प्रगति समिक्षा गरिने हुँदा सो अनुसार प्रगति विवरण पठाउनु हुनेछ ।

३१. आयोजना/प्रमुखको कार्य सम्पादन मुल्यांकनलाई आयोजना/कार्यालयको प्रगति सँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३२. आयोजना/कार्यक्रमको प्रगति तथा समस्याहरु उपर मासिक रुपमा माननीय मन्त्रीज्यूको अध्यक्षता बैठक बसी समिक्षा गर्नु हुनेछ । मन्त्रालय स्तरबाट समाधान हुन नसकेका समस्याहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र यस मन्त्रालयमा लेखि पठाउनु हुनेछ ।

सचिव

आर्थिक वर्ष २०७५/७६ को बजेट सँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको **Website : moeap.p5.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

श्री सचिवज्यू

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।

प्रदेशसभा सचिवालय, प्रदेश नं. ५, बुटवल ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

..............................
(थानेश्वर गौतम)
सचिव

सचिव

संलग्नः

| | |
|---|---|
| क) आ.व. २०७५/७६ को बजेट वक्तव्य | - २ प्रति |
| ख) आ.व. २०७५/७६ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) | - २ प्रति |
| ग) प्रदेश विनियोजन ऐन २०७५ | - २ प्रति |

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल रुपन्देही ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, रुपन्देही भैरहवा ।